लोक सेवा आयोग

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, प्रशासन/सूचना प्रविधि इन्जिनियर, सातौं, उपप्रबन्धक (चार्टर्ड एकाउण्टेण्ट/कम्प्यूटर) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।१०।०१

पत्र : प्रथम

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय: व्यवस्थापन, आर्थिक अवधारणा, बीमा, पुनर्बीमा तथा सेवा सम्बन्धी कानूनहरू

**खण्ड "क"** को **प्रश्न नं. ६** को उत्तर अनिवार्यरूपमा **अंग्रेजी** भाषामा दिनु पर्नेछ । प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क" — ५० अङ्क

१. परिवर्तन व्यवस्थापन (Change Management) भन्नाले के बुझिन्छ? परिवर्तन व्यस्थापन गर्दा देखापर्ने चुनौतीहरू के-के हुन्? खुलाउनुहोस् । २+३=५

२. कुनै पनि सार्वजनिक निकायमा कार्य गर्ने कर्मचारीमा संगठनको मूल्य (Values) र नैतिकता (Morals) प्रति प्रतिबद्धता हुनुपर्दछ भनिन्छ । नैतिकता र मूल्यबीच के-कस्तो भिन्नता हुन्छ? उदाहरणसहित लेख्नुहोस् । ५

३. नेपालको संघीय बजेट प्रणालीका कुनै चार प्रमुख विशेषताहरू छोटकरीमा लेख्नुहोस् । चालू आर्थिक वर्षको संघीय बजेटमा संघ, प्रदेश र स्थानीय तहबीचको बाँडफाँड कस्तो पाउनु भएको छ? टिप्पणी गर्नुहोस् । ५+५=१०

४. कूल गार्हस्थ उत्पादन (Gross Domestic Product) र कूल राष्ट्रिय उत्पादन (Gross National Product) बीचको फरक छुट्याउँदै नेपालको कूल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदानका बारेमा समालोचनात्मक टिप्पणी गर्नुहोस् । ४+६=१०

५. कोर बैंकिङ् प्रणाली (Core Banking System) का महत्वपूर्ण पक्षहरूमाथि प्रकाश पार्दै बैंकिङ् संस्थामा कोर बैंकिङ् प्रणालीसम्बन्धी जोखिमको पहिचान गर्नुहोस् । ५+५=१०

६. What are the major components of Strategic Management? Explain the tools applied for Strategic Planning? 3+7=10

## खण्ड "ख" — ५० अङ्क

७. तेस्रो पक्ष बीमा (Third Party Insurance) भनेको के हो? यस बीमामा कस्ता-कस्ता जोखिमहरू समेटिएका हुन्छन् र किन? उल्लेख गर्नुहोस् । ५

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ का प्रमुख प्रावधानहरू लेख्नुहोस् । ५

९. नेपालको बीमा बजारको वर्तमान स्थितिको समीक्षा गर्दै यसमा सुधार ल्याउनका लागि चाल्नुपर्ने कदमहरू प्रस्तुत गर्नुहोस् । ५+५=१०

१०. नेपालको हालको बीमा बजारमा देखिएका समस्या र तिनको समाधानका लागि बीमा समितिले खेल्नुपर्ने भूमिकाबारे आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ४+६=१०

११. पुनर्बीमा व्यवसायमा दलालको आवश्यकता किन पर्दछ? पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ ले पुनर्बीमा दलालको काम र कर्तव्यहरूका सम्बन्धमा के-कस्तो व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । १०

१२. बीमा ऐन, २०४९ बमोजिम बीमा समितिले कस्तो अवस्थामा बीमकको दर्ता खारेज गर्न सक्छ? विस्तृतरूपमा लेख्नुहोस् । १०

:: समाप्त ::